# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको
## खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।१२

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. सर्वोच्च अदालतमा बढ्दो मुद्दाको कार्यबोझ समेतका कारण इजलासबाट भएका आदेश तथा फैसलाको पूर्णपाठ लामो समयसम्म पनि तयार हुन नसकेको भन्ने मुद्दाका पक्षहरूको गुनासो रहँदै आएको छ। तयार भएका आदेश वा फैसलाहरूमा पनि कतिपय तथ्यहरू पर्याप्त रुजु नहुँदा आदेश वा फैसला संशोधनका लागि निवेदनहरु समेत परेको देखिन्छ। फैसला तयार गरी प्रमाणित गर्ने मुख्य जिम्मेवारी न्यायाधीशको हुने भए तापनि सो कार्यका लागि इजलास अधिकृतको भूमिका के कस्तो रहन्छ ? उल्लेख गर्दै इजलास अधिकृतको काम कारबाहीलाई प्रभावकारी बनाउन के कस्ता कानूनी, नीतिगत वा व्यवस्थापकीय सुधार आवश्यक छ ? विश्लेषणसहित तार्किक धारणा प्रस्तुत गर्नुहोस्। 15

२. विश्वमा अस्तित्वमा रहेका राम्रा संविधानहरूमध्ये नेपालको संविधान एक आधुनिक संविधान हो भन्ने गरिएको छ। संविधानबादको सिद्धान्तमा आधारित भएको कारणले यसलाई राम्रो र आधुनिक भनिएको हुन सक्छ। राज्यशक्तिको पृथकीकरणका साथै उपयुक्त नियन्त्रण र सन्तुलनको संयोजन पनि यसमा अन्तर्निहित रहेको छ भन्ने पनि गरिएको छ। यो संविधान लागू भए पश्चात् ८ वर्षको अवधिमा राज्यशक्तिको प्रयोग गर्ने प्रमुख अंगबाट यसको प्रयोगमा स्वेच्छाचारीता, अति सक्रियता र अधिकारको दुरुपयोग भएको भन्ने टिप्पणी संविधानविदहरूले नै गर्ने गरेका छन्।

यस पृष्ठभूमिमा देहायका प्रश्नहरूको वस्तुनिष्ठ, विश्लेषणात्मक र सृजनात्मक उत्तर दिनुहोस्। 20

क) संविधानबादको अर्थ, सिद्धान्त र आधारभूत तत्वसहित नेपालको संविधानले ग्रहण गरेका सिद्धान्त र तत्वहरूका बारेमा उल्लेख गर्नुहोस्।

ख) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट भएको प्रतिनिधिसभाको विघटन, सर्वोच्च अदालतबाट भएको पुनर्स्थापना लगायत अन्य समसामयिक बिषयहरुमा राज्यका प्रमुख अंगहरुले बहन गरेको भूमिकाका सम्बन्धमा संविधानबादको सिद्धान्तमा आधारित रही समीक्षात्मक टिप्पणी गर्नुहोस्।

३. विज्ञान र प्रविधिको विकासले अहिले समग्र विश्व नै एक गाउँको रुपमा परिणत भएको छ। विश्वव्यापीकरणले राज्यहरूबीच अन्तर्निर्भरता बढेको मात्र होइन, अवसर र चुनौतीहरू दुबै सृजना भएको पनि छ। विज्ञान र प्रविधिको विकास तथा विश्वव्यापीकरणले अपराध पनि सीमाविहीन बनेका छन्। यसकारण विश्वव्यापीकरणले न्याय प्रणालीमा पनि राज्यहरूबीचको सहयोग र अन्तर्निर्भरतालाई बढाएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा नेपाल बाहिर भएका कतिपय अनुसन्धानलाई सोही संहिता बमोजिम भएसरह मान्यता दिन सकिने र विदेशमा रहेका व्यक्तिका नाममा पारस्परिक कानूनी सहायता सम्बन्धी प्रचलित कानून बमोजिम पक्राउ पुर्जी जारी गर्ने वा समाह्वान तामेल गर्न सकिने व्यवस्था छ। न्यायिक कामकारबाहीका बिषयमा नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान-प्रदान गर्ने सम्बन्धमा पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० पनि प्रचलनमा रहेको छ।

यस पृष्ठभूमिमा नेपालका अदालतमा चलेका मुद्दामा विदेशमा रहेका व्यक्तिको नामको म्याद तामेली र प्रमाण कागजात प्राप्ति सम्बन्धमा पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० को कानूनी व्यवस्थाबारे उल्लेख गर्दै यस किसिमको पारस्परिक सहायताको हालको अवस्था, देखिएका समस्या र यस व्यवस्थालाई प्रभावकारी तुल्याउन चाल्नुपर्ने उपायहरू प्रस्तुत गर्नुहोस् 20

४. बिगतमा नेपालको फौजदारी कानून प्रणाली लामो समयसम्म करिब एकसय सत्तरी वर्ष अगाडि जारी भएको मुलुकी ऐनमा आधारित थियो । सो मुलुकी ऐनमा समय समयमा सुधार पनि गरिएको थियो । बि. सं. २०२० सालमा नयाँ मुलुकी ऐन लागू गरियो र त्यसमा पनि समय समयमा सुधार हुँदै आएको थियो । त्यसपछि अन्य ऐनहरू पनि तर्जुमा र लागू भए । यसरी कानून सुधार र परिमार्जनको कार्य समय समयमा भए पनि नेपालको फौजदारी न्याय प्रशासन मूलतः परम्परागत रुपमा नै रहेको र यसले एक्काइसौं शताब्दीको चुनौतीलाई सामना गर्न नसक्ने अवस्था रहेको थियो । यही परिवेशमा छरिएर रहेका फौजदारी कानूनलाई संहिताकरण गर्ने, नेपाली कानूनमा स्थान नपाएका आपराधीक कार्यलाई अपराधीकरण गर्ने, फौजदारी न्याय प्रणालीको आधुनिकीकरण गर्ने, मानव अधिकारमैत्री बनाउने एवम् स्वच्छ सुनुवाइको अधिकार सुनिश्चित गर्ने र फौजदारी न्याय प्रशासनलाई सरल, पहुँचयोग्य, वस्तुनिष्ठ र पूर्वानुमानयोग्य बनाउने समेतका उद्देश्य लिई नेपालमा २०७५ साल भाद्र १ गते देखि मुलुकी ऐनलाई विस्थापन गरी मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ , मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू गरिएकोमा अहिले पाँच वर्ष व्यतित भएको र यसबीचमा यी कानूनमा संशोधन पनि भईसकेको छ । तथापि, यी नयाँ कानूनहरूको कार्यान्वयनका सम्बन्धमा कतिपय समस्याहरू देखिएका छन् ।

यस पृठभूमिमा नयाँ संहिताहरू जारी गर्नुपर्ने आवश्यकतालाई यी संहिताहरूले के कुन हदसम्म सम्बोधन गर्न सफल भएका छन् ? विश्लेषण गर्दै कानून तथा न्याय प्रणालीको सुधार निरन्तर रुपमा चलिरहने प्रक्रिया भएकाले यी कानूनमा तत्काल परिमार्जन गर्नुपर्ने विषयहरु के के छन्? कारणसहित उल्लेख गर्नुहोस् । 20

५. नेपालको संविधानले खास किसिमका मुद्दाहरूको कारबाही र किनारा गर्न विशिष्टिकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरणको गठन गर्न सक्ने व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम नै केही विशिष्टिकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरणहरूको गठन भएको पनि छ । तर ऋण असुली न्यायाधिकरण बाहेकका अन्य निकायहरूमा पुनरावेदन सुन्ने तहमा विशिष्टिकृत निकाय नभएकाले नियमित अदालतले नै मुद्दा हेर्ने र विशेष अदालतमा नियमित अदालतका न्यायाधीशहरुबाट मात्र मुद्दा सुनुवाइ हुने गरेको छ । अन्य निकायहरूमा मुद्दा हेर्ने अधिकारी वा न्यायाधीशहरू तोक्दा वा नियुक्ति गर्दा पनि विशिष्टिकृत ज्ञान र सीप वा अनुभव हेरी नियुक्ति हुन सकेको नदेखिँदा विशिष्टिकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरणको गठनको औचित्य माथि नै गम्भीर प्रश्न खडा भएको पाइन्छ ।

यस स्थितिमा विशिष्टिकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरणको काम कारबाहीमा के कस्ता समस्याहरु रहेका छन् ? यी निकायका काम कारबाही प्रभावकारी हुन नसक्नुका कारणहरू पहिल्याई यसलाई प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा विस्तृत रुपमा चर्चा गर्नुहोस् । 25

««« **समाप्त** »»»